# रातो मोजा

**- गान्धि राज भट्टराई**

अफिसको गेटबाट उकालो लाग्ने बेला दुर्गानारायणले कहिल्यै महसुस नगरेको भाव अनुभुती गरे । सबैका आंखा उनकै खुट्टातिर गएको जस्तो लाग्यो उनलाई । आजको घटनाले चोरको खुट्टा काट् भनेजस्तो भएको थियो उनलाई ।

"साप् अब मान्डांडातिर नजाम् होला ।" आफ्नो नालीबेली पाएको कृष्ण बहादुरले अघिल्लो महिना भनेको थियो ।

"यो किस्ने के भन्छ? के भएको छ र?" दुर्गानारायणले सबै बुझेर पनि बुझ पचाउंथे ।

उनलाई थाहा थियो उनको कृयाकलाप समाजमा विभिन्न आवरणहरुले ढाकिएर पनि पारदर्शी थिए । अगाडि भन्न नसके पनि भित्रभित्रै गाईंगुईं हुन्थे । त्यसैले पनि उनको कर्म अब लुकाएर लुकिने थिएन । ढांटेर ढांटिने थिएन ।

"तैपनि साप् राइ गांउ हो के भर हुन्छ र साप्?" कृष्ण बहादुरले आशंका निकाल्थ्यो ।

कृष्णबहादुर दुर्गानारायणको भरिया थियो । अफिसको सिजनल कामका लागि मजदुर धेरै थिए । उनीहरु मध्ये जसलाई लगे पनि हुन्थ्यो । तर पांच वर्ष देखि दुर्गानारायणको साथ फिल्ड जानेमा सधैं कृष्ण नै पर्थ्यो । दुवैका एक एक स्वार्थ थिए । दुर्गानारायणसंग गएपछि कृष्णलाई खानपिनको व्यवस्था उत्तम हुन्थ्यो । फिल्ड रमाइलो हुन्थ्यो । दुर्गानारायणलाई सधैं एउटै सहयोगी लिएर हिंडेपछि बेलाबखतमा गोप्यता पनि रहन्थ्यो ।

-o-

दशैंअघि सुन्तलाखेती सम्बन्धि अनुसन्धानको लागि फिल्ड थियो मानेडांडामा । वागवानी शाखाको प्रमुखको नाताले पनि र धेरै समयदेखि फिल्ड नगएको हुनाले एक जेटी र एक जेटीए साथ लगाएर दुर्गानारायण गएका थिए फिल्ड । जम्मा छ दिनको कार्यक्रम थियो । जान आउन चार दिन र फिल्डको काम दुईदिन ।

हाकीमको फिल्ड भिजिट भनेपछि सदरमुकामबाट संगै जाने सहायक कर्मचारीहरुको कान टाठो भयो । घर पायक स्टेशनमा सरुवा मिलाउन, ग्रेड थपाउन, तालिमको सिफारिस गराउन वा प्रमोशन पाउनका लागि हाकीमको फिल्ड भिजिटमा खातीरदारी गर्नु अनिवार्य हुन्थ्यो ।

दुर्गानारायण रौसे स्वभावका थिए । नाचगान र खाने पिउने कार्यक्रम फिल्ड नपुग्दै संगै जाने सहायकहरुले मिलाइसकेका थिए । साना किसान विकास आयोजनाको स्थानीय गेष्ट हाउसमा बस्ने कार्यक्रम मिल्यो ।

फिल्ड पुगेको दिन सामान्य रह्यो । बेलुकी गफ गर्दै लोकल कुखुराको सितन संग तीनपाने रक्सी चढाएर बसे ।

"सर, भोली सुन्तला पाके नपाकेको छाम्ने हो?" एक एक गिलास रक्सी भित्र पठाएपछि संगै जाने जेटीले मौकामा कुरा निकाल्यो ।

"के भन्छौ तिमी, सुन्तला पाके नपाकेको त हेरेरै थाहा हुन्छ नि, छाम्नु पर्छ र?" दुर्गानारायण एकछिन अल्मलिए ।

"यतातिर छाम्ने सुन्तला पनि पाइन्छ सर ।" जेटीएले थप्यो ।

"हो र? ल ल ल………… " दुर्गानारायणको भित्र देखिको हांसो निस्क्यो । जेटी जेटीएको छड्के बोली बल्ल बुझियो ।

"मिलाउने हो त सर?" जेटीले उकास्यो ।

दुर्गानारायण को मन भित्रभित्रै पग्लिइसकेको थियो । अलि अलि रक्सीको नशा, अनि त्यसमाथि यौनको मामलामा अलिक कमजोर मान्छे । भोलिपल्ट जेटीजेटीएले नाचगानको कार्यक्रम गर्ने नै भए ।

दिनभरीको फिल्ड निरीक्षण पछि बेलुकीको कार्यक्रम राम्रै भयो । स्वच्छन्द समाजमा हुर्केका केटीहरुसंग बस्न पाएर दुर्गानारायण धन्य भए । जाडो भएको निहुंमा लगेको एउटै ब्लांकेट दुईटीको बीचमा बसेर पनि ओढे । अरुहरु नाचगान र पिउनमै मस्त थिए । हाकीम दुर्गानारायणले के के गरे, के के बोले देख्ने र सुन्ने चासो कसैलाई भएन ।

बीचमा हाकीम साहब एकछिन हराए । छड्के निरीक्षण गरिरहेको जेटीले वरिपरि आंखा डुलायो । खण्डुंग माइलाकी छोरी डोल्मा पनि देखिइन । जेटीले आफ्नो योजना सफल भएको ठान्यो ।

दुर्गानारायण दंग परेर फर्के फिल्डबाट । गाउंमा तरकारी चाख्ने मनमा गुम्सिएर बसेको धेरै अघिदेखिको अधुरो धोको पुरा भएको थियो । जेटी पनि हाकीम रिझाएर तालिमका लागि सिफारिस पाउने योजना सफल भएकोमा दंग थियो । भरिया कृष्ण साहेबको हंसिलो अनुहार हेरेर भित्रभित्रै मुस्कुरायो ।

फिल्डबाट फर्कने बेलामा दुर्गानारायणको एकजोर मोजा भेटिएन । दामी खालको मोजा थियो । जुत्ता मात्रै फुकालेर मोजा लगाएर बसेका थिए । कतिखेर कता फुकालेर राखेका हुन् होसै भएन । कति खोज्दा पनि मोजा भेटिएन र अर्कै मोजा लगाएर फर्किए ।

-o-

आज फेरी दिउसो दुर्गानारायण अफिसमा एक्लै हुंदा कृष्ण आएको थियो ।

“कृष्ण बहादुर, के छ त हालखबर?” आफ्नो नजीकको सहयोगीसंग सोधे दुर्गानारायणले ।

“आज मान्डांडाआ दुईटी केटीहरु आथे साप् । गेटां बस्ने पालो मेरो थियो । मैले त हकारेर पठाइदिं साप् ।” टाउको कन्याउंदै बोल्यो कृष्ण ।

“को किन आएका?” दुर्गानारायणको मन झसंग भयो ।

“खै कुन्नि मान्छे त मैले चिनिन साप् । साप्लाई खोजेजस्तो गरे । असोजां फिल्ड आउने हाकीम सापले जागीर लाईदिन्छु भन्याछ भनेर कुरो गर्थे । असोजां संगै फिल्ड गअ सम्झेर साप्लाई नै खोज्या होलान् भन्नी लायो साप् ।”

“अनि?”

“को हाकीम साप् भनेर सोध्या, त्यै क्या रातो मोजा लाउने साप् नी । नाम् त हामी जान्दुइनम् भने ।”

“ए, गए अहिले?”

“जान त गए साप् । आइमाइहरु अल्लि तेस्तै रैचन् साप् । अलि अर्कै खालको कुरा गर्थे साप । अनि गेटां चाहिं रातो मोजा लाउने साप्को फिल्ड अफिसमै आयो । त्यो साप को रैच भनेर कुरा निकालेर बस्याछन् साप् ।”

“ल भैगो ।”

एकछिनमा कृष्ण बाहिर निस्क्यो । दुर्गानारायण निस्केर क्वार्टरतिर लागे ।

-o-

दिउसो अफिसबाट क्वार्टरतिर लाग्ने बेलादेखि नै उनको मन स्थिर थिएन । कता कता के बिगारे जस्तो, गर्न नहुने काम गरेजस्तो भयो उनलाई । बैंसमा यस्तो त कति गरे कति । तर यस्तो पश्चाताप उनलाई यसअघि कहिल्यै लागेको थिएन । अनि यति हीनताबोध पनि पहिले कहिल्यै भएन उनलाई । तर अहिले परिस्थिति अर्कै थियो । दुई छोराको बाबु, जिल्लाको कृषि विकास कार्यालयको हाकीम थिए । छोराहरुको पढाइको लागि श्रीमती काठमाण्डौंमा बसेको बेला कोही तेरो पेट बोकेकी छु भनेर आए के गर्ने? समाजमा कुन मुख देखाउने? एक चोटी चुके पछि हैन कसरी भन्ने? उनलाई छटपटी भएर आयो ।

कालो जुत्तामा रातो मोजा लगाउने उनी एक्लो जस्तै थिए अफिसमा । त्यो फिल्ड जांदा हराएको मोजा पनि त्यही रातो मध्येको थियो । त्यो मोजा पनि त्यही डोल्माले पो राखेकी रैछ कि? अहिले त्यही रातो मोजा प्रमाण बनेर आएकोले उनलाई असह्य भयो ।

दुर्गानारायणले मकलको छेउमा बसेर दुई पेग ह्विस्की सटासट पिए । अनायास रातो मोजासंग उनलाई वितृष्णा लागेर आयो । दराजबाट, जुत्ता भित्रबाट अनि धुन राखेको ठाउंबाट रातो मोजाहरु निकाले । रातो रंगका जम्मा पांच जोर मोजा निस्किए । मकलको आगोमा एक एक गर्दै मोजा राख्दै गए । भेडाको उन पोलिएको गन्ध निकालेर मोजाहरु बल्दै गए अनि डल्ला पर्दै गए । मोजासंगसंगै उनको मन जल्दै गयो, संकुचित हुंदै गयो ।

अवर्न विश्वविद्यालय, अलावामा
नोभेम्बर २४, २००३